कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान
कर्णाली प्रदेश, नेपाल
पारित मितिः २०..../ .../....

.................... टोल विकास संस्था ,कपुरकोट सल्यानको विधान २०......

पारित मितिः २०..../ .../....

**प्रस्तावनाः**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी समुदायको गरिबी न्यूनीकरणमा योगदान पुर्याउन, सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमी समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरूलाई संस्थागत रुपमा विकास निर्माण तथा भौतिक एवं वातावरणीय संरचनाको संरक्षणमा जागरूक बनाउन कपुरकोट गाउँपालिका वडा नं. .... मा ......................... टोल विकास संस्था गरी गठन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

## परिच्छेद-१

**१. प्रारम्भिकः**

संक्षिप्त नाम र प्रारम्भः

(क) यो विधान ............................ टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम ...................... टोल विकास संस्था हुनेछ।

(ग) यो विधान ...................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(घ) यस संस्थाको कार्यालय ...................................................... मा हुनेछ।

(ङ) यस संस्थाको सिमानाः

पूर्व ....................................... पश्चिम .....................................

उत्तर ......................... दक्षिण .....................................

२. परिभाषाः

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः**

(क) संस्था भन्नाले ......................... टोल विकास संस्थालाई सम्झनुपर्छ।

(ख) विधान भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ।

(ग) साधारण सभा भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्झनुपर्छ।

(घ) समिति भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ।

(ङ) बैठक भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

(च) कार्यमूलक उपभोक्ता समूह भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरूलाई सम्झनुपर्छ।

(छ) पदाधिकारी भन्नाले संस्था वा कार्यमूलक/उपभोक्ता समूहका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरूलाई जनाउँछ।

(ज) उपसमिति भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्छ।

(झ) बचत भन्नाले साधारण सदस्यहरूबाट निश्चित अवधिमा सञ्चय गरेको रकमलाई सम्झनु पर्छ।

(ञ) बचतकर्ता भन्नाले संस्थाका बचत गर्ने सदस्यहरूलाई जनाउँछ।

(ट) ऋण भन्नाले एकमुस्ट वा किस्ताबन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधि, ब्याजदर र उद्देश्यका साथ प्रदान गरेको रकमलाई जनाउँदछ।

(ठ) तोकिए वा तोकिए बमोजिम भन्नाले संस्थाले समय समयमा गरेको निर्णय बमोजिम निर्धारीत कार्यविधि वा यस विधान अन्तर्गत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरूलाई जनाउँदछ।

३. संगठित संस्था हुनेः

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। सो छाप कार्यमूलक/उपभोक्ता समूहहरूले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन्।

(ख) संस्था तथा कार्यमूलक/उपभोक्ता समूहले व्यक्तिगत चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ।

(ग) संस्था वा कार्यमूलक/उपभोक्ता समूहले व्यक्तिसरह आ-आफ्नो नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ।

(घ) प्रत्येक वर्ष असार मसान्त भित्र गाउँपालिकामा यी संस्थाहरू तोकिएको शूल्क तिरी नविकरण भईसक्नु पर्नेछ, नविकरण नभएका संस्थाहरू मान्य हुने छैनन्।

## परिच्छेद-२

### ४. संस्थाका उद्देश्यहरूः

संस्थामा आवद्ध सबैखाले सदस्यहरूको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने।

(ख) टोलका व्यक्तिहरूको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मदत पुर्याउने।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने।

(घ) स्थानीय स्तरबाट सिकेको अनुभवबाट गाउँ-शहर सम्बन्ध विस्तार तथा शहरी समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य पालिकामा समेत विस्तार गर्न सहयोग गर्ने।

(ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने।

(च) संस्थालाई गाउँपालिकाको सबभन्दा तल्लो इकाईको रुपमा स्थापित गराई सहभागितात्मक गाउँपालिका योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने।

### ५. संस्थाका कार्यहरूः

(क) प्रत्येक टोल स्तरमा शत प्रतिशत घरपरिवार सहभागी भएका महिला वा पुरुष वा दुवैथरी समावेश भएको टोल विकास संस्था गठन गर्ने।

(ख) सदस्यहरूबाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने।

(ग) संस्थाका सदस्यहरूलाई उद्यमशीलता तर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघ संस्थाबाट ऋण लिई उद्यम संचालन गर्नमा पहल गराउने।

(घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरूको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने र सुचनाहरू घरघरसम्म सम्प्रेषण गर्न गाउँपालिकालाई सहयोग गर्ने।

(ङ) टोलमा आइपरेका समस्याहरू समाधान गर्न एकअर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने र टोल विकासको लागि लागत साझेदारीमा विविध योजना तथा कार्यक्रम संचालन गर्ने।

(च) पिछडिएका वर्ग तथा जनजातिहरूको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय कायम गर्ने।

(छ) गाउँ तथा शहरको अन्तर सम्बन्ध हुने गरी कार्यक्रमहरू तयार गरी आत्मनिर्भरता तर्फ अघि बढ्ने।

(ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा स्रोतको समुचित परिचालनका लागि  आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने।

(झ) यसका अलावा गाउँ-शहरको अन्तरसम्बन्ध बढाउन विभिन्न सिर्जनात्मक कार्यहरू जस्तै, ग्रामीण क्षेत्रको उत्पादन शहरमा खपत गराउन व्यापार गर्न प्रोत्साहन गर्ने, बजारमा माग भए अनुरूपको उत्पादन गर्न प्रोत्साहन गर्ने। ग्रामीण क्षेत्रमा शहरको सेवा सुविधाहरू विस्तार गर्ने सेवामूलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने।

(ञ) टोलको तर्फबाट वडा समितिलाई योजना तर्जुमा गर्नमा सहयोग गर्नुका साथै निर्मित संरचनाको संरक्षण र निर्माण हुने योजनाको अपनत्व स्वीकार गरी संरक्षण गर्ने।

## परिच्छेद-३

**६. सदस्यताः**

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकर गर्ने स्थानीय टोलावासी यस संस्थाको सदस्य हुनेछन्।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलवासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

**७. सदस्यता नरहनेः**

(क) सदस्यको मृत्यु भएमा।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा। तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ।

(ग) सदस्यता शूल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा। तर सम्बन्धित सदस्यलाई सफाइ दिने अवसरबाट वञ्चित गरिने छैन। यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ।

## परिच्छेद-४

**८. संस्था गठन एवं कार्य संचालन विधिः**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरूको सर्वसम्मति निर्णयबाट टोलको क्षेत्र एकिन गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीहरूको उपस्थितिमा संस्था गठन गरिनेछ।

(ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्ने उपस्थित भएकाहरूले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष,सचिव, कोषाध्यक्ष र सह सचिव सहितको पदाधिकारी र ११ देखि १५ जनासम्म

कार्यसमिति सदस्यहरु रहनेछन भने अन्य सबै घरधुरीहरू साधारण सदस्य हुनेछन्।

**९. संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिका हुनेछन्।

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

टोल विकास संस्थालाइ कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संस्थाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) टोल विकास संस्थाको नियमित बैठक बोलाउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने।

(घ) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

(ङ) बैठकमा आवश्यक प्रस्तावहरू पेश गर्न लगाउने।

(च) निर्णयहरू लागु गर्ने र गर्न लगाउने।

(छ) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुर्याउने।

(ज) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने र आफ्नो टोलको विकास, टोलभित्रका विकास योजना र निर्मित संरचनाको संरक्षण र नियमित अनुगमन गर्ने।

(झ) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

(ञ) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने।

(ट) अन्य सहयोगी निकायहरूसँग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने।

(ठ) विशेष बैठकको आवश्यकता परेमा नियमानुसार बैठक बोलाउने।

(ङ) विविध प्रकारका समन्वय बैठकमा भाग लिने।

**२) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

(ख) एकतिहाई सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेका विशेष बैठक बोलाउने।

(ग)अन्य तोकिएका कामहरु गर्ने ।

**(३) संस्थाको सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने।

(ख) अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

(ग) बैठक पुस्तिकामा उपस्थित गराउने।

(घ) बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुर्याउने।

(ङ) छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुनः प्रत्येक सदस्यहरूलाई हस्ताक्षर गर्न लगाउने।

(च) संस्था संचालन र अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने।

(छ) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने।

**४) संस्थाको सह सचिवको काम, कर्तव्य र अधिकारः**

(क) सचिवको अनुपस्थितिमा निजको गर्ने।

(ख) अन्य तोकिएका कामहरु गर्ने ।

**(५) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) प्रत्येक बैठकमा सबै सदस्यहरूबाट बचत संकलन गरी बचतको विवरण पेश गर्नुपर्ने।

(ख) प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने।

(ग) व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने।

(घ) संकलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैंकको खातामा जम्मा गरी/गराई अभिलेख राख्ने।

(ङ) बैठकको निर्णय अनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने।

(च) निर्णय अनुसार गर्नु पर्ने लगानी गरी असूली समेत गर्ने र लगानी र असूलीको रेकर्ड राख्ने।

(छ) सम्पूर्ण सदस्यहरूको गत बैठकसम्मको बचत रकम, बैंकमा रहेको रकमसँग भिडाउने।

(ज) ऋण लगानी पश्चात् प्राप्त ब्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरूको व्यक्तिगत खाता, पासबुक एवं बचत खातामा चढाउनुपर्ने।

(झ) संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने।

(ञ) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

(ट) अन्य सदस्यहरूसँग समन्वय राखी सहयोग लिने दिने।

(ठ) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(४) संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकारः

(क) साझेदारीपत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरू गर्ने।

(ख) संस्थाको हिसाबकिताब बराबर चेक गर्ने।

(ग) टोल विकास संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने। उनीहरूको काम सन्तोषजनक नभए परिवर्तन गर्ने।

(घ) आवश्यकता अनुसार संस्था संचालनका लागि नीति-नियमहरू बनाउने र पालना भए नभएको अनुगमन गर्ने।

(ङ) आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरूलाई सघाउने।

(च) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने।

(छ) नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने।

(ज) आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असूली गर्न सहयोग गर्ने।

**१०. संस्थाको बैठक र कार्य प्रणालीः**

संस्थाको सम्पूर्ण सदस्यहरू र सल्लाहकार समेत रहेको एक साधारण-सभा हुनेछ। साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा

संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ। साधाण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ।

**११. साधारण-सभाको काम, कर्तव्य र अधिकार:**

(क) संस्थाको साधारण-सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने।

(ग) संस्थाको गत सालको हिसाब विवरण र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने।

(घ) अख्तियारी प्रदान गर्ने।

(ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने।

(च) विधान संशोधन गर्ने।

(छ) आवश्यकता अनुसार सल्लाहको मनोनयन गर्ने।

(ज) आवश्यकता अनुरूप टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने संस्थालाई अधिकार प्रत्यायोजन गर्ने।

**१२. आर्थिक व्यवस्थाः**

(१) संस्थाको देहाय बमोजिम आर्थिक स्रोत हुनेछः

(क) सदस्यताबाट प्राप्त शुल्क।

(ख) सदस्यहरूबाट गरिने नियमित बचत।

(ग) सरकारी तथा गैरसरकारी संस्थाबाट निःशर्त सहायता/अनुदान।

(घ) दाताहरूबाट प्राप्त निःशर्त सहयोग।

(ङ) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार।

(च) टोल विकास संस्थाले विभिन्न संघ संस्थासँग ऋण लिई आफ्ना सदस्यहरूलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जाना वापतको रकम।

(छ) अन्य आम्दानी।

(२) प्रत्येक असार मसान्त सम्मको लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ।

(३) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ।

१३. बचतः

(१) टोल विकास संस्थाका सदस्यहरूले सम्पूर्ण सदस्यहरूबाट नियमित रुपमा बचत संकलन गरी एक 'टोल विकास संस्थाको बचत' खडा गर्नेछन्।

(२) उक्त संस्थाको बचतको प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ।

(३) संस्थाको बचत सामान्यतया सदस्यहरूको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ।

(४) यो बचत रकम संस्थाको कार्यक्षेत्र भित्र संस्थाका सदस्यहरूबीच तोकिएको शर्त र व्यवस्था अनुरूप लगानी र असूली हुनेछ।

(५) यो बचत रकम निरन्तर चल्ने र वृद्धि हुँदै जानेछ।

(६) यो बचत रकममा संलग्न सदस्यहरूको दाबी रहनेछ।

(७) संस्थाको नयाँ सदस्य बनी संस्थामा प्रवेश हुन चाहेमा संस्थाको निर्णय बमोजिम हुनेछ।

(८) यो बचत रकम संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ।

(९) संस्था दर्ता खारेजी वा विघटन भएमा संस्थाको सामूहिक सम्पत्ति नेपाल सरकारको हुनेछ। तर व्यक्तिगत बचत रकम तथा यसको आयहरू सदस्यहरूको हिसाब बमोजिम फिर्ता पाउनेछन्।

१४. राजीनामाः

(१) संस्थाका सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष निवेदन दिन सक्नेछन्।

(२) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजम हुनेछ।

**१५. अविश्वासको प्रस्तावः**

संस्थाको अध्यक्ष एवं पदाधिकारीहरू उपर अविश्वास लागे यथोचित् कारण देखाई संस्थाका ६७ प्रतिशत सदस्यहरूले विशेष साधाण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्। अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्व सम्मतलाई बढी जोड दिइनेछ।

**१६. विधानको संशोधनः**

यस टोल विकास संस्थाको संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले पारित गर्नुपर्नेछ।

**१७. विविधः**

(१) यस विधान बमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरू मध्येबाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ। उक्त उद्यम/उद्यमी समूहको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारण सभामा निहित रहनेछ।

(ग) संस्थाले संस्थाको उद्देश्य पूर्तिका लागि विधानको अधीनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्नुपरेमा सो समेत गर्न सक्नेछ।

(घ) प्रचलित नेपालको ऐन, नियमहरूसँग बाँझिएका बुँदाहरू हदसम्म स्वतः खारेज हुनेछ।

(ङ) माथी जे सुकै लेखिएको भएतापनि टोल विकास संस्था वडा समितिको सहयोगी निकाय रहनेछ र वडा समितिलाई सहयोग गर्नु कर्तव्य हुनेछ। वडा समितिलाई असहयोग गरेमा वडा समितिको सिफारिसमा उक्त समितिलाई गाउँपालिकाले बढीमा ६ महिनासम्म निलम्वन गरी अर्को समिति गठन गर्न आदेश दिन सक्नेछ।

## अनुसूची (१)

विधान पारीत गर्ने समितिका सदस्य सहित भेलामा उपस्थित उपभोक्ता सदस्यको विवरणः

कार्यसमितिका पदाधिकारीहरू

| क्र.सं. | पद | नाम थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |